नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.: ३३१

मितिः २०८२/१२/१७
नेपाल संवत् ११४६

विषयः विवरण उपलब्ध गराइदिने सम्बन्धमा।

श्री गाउँपालिका, (सबै)।
श्री नगरपालिका, (सबै)।

कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बजेट तथा कार्यक्रम शाखाको प.सं. २०८२/०८३, च.नं. यो.ब.का/५१९, मिति २०८२/१२/१७ को विवरण उपलब्ध गराइदिने सम्बन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

**नोटः माग भए बमोजिमको विवरण कृषि तथा पशुपन्छी विकास मन्त्रालयको इमेल ठेगाना (local.moald@gmail.com) मा उपलब्ध गराईदिनुहुन।**

१२/१६
.....................
(दीपेश कट्टेल)
शाखा अधिकृत

बोधार्थः
श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बजेट तथा कार्यक्रम शाखा,
सिंहदरबार, काठमाडौं।
श्री सूचना प्रविधि शाखाः Website मा Upload गरिदिनुहुन।

सिंहदरबार, काठमाडौं    फोन नं:- ४२००३०४
ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np
वेवसाईटः- www.mofaga.gov.np

नेपाल सरकार

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

## बजेट तथा कार्यक्रम शाखा

सिंहदरबार, काठमाण्डौं

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

प.सं. :- ०८२/८३
च.नं. :- यो.ब.का./५१९

मिति :- वि.सं. २०८२/१२/१७
ने.स. :- ११४६ चौलाथ्व, १३ मंगलवार

विषयः विवरण उपलब्ध गराइदिने सम्वन्धमा।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमांडौ
स्थानीय तह समन्वय शाखा

प्रस्तुत विषयमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२ चैत्र १३ को बैठकबाट स्वीकृत शासकीय सुधार सम्वन्धी एक सय कार्यसूचिको बुँदा नं. ९० (ख) मा समावेश भएको कृषि उपजको भण्डारण तथा बजारीकरण सुधारका लागि "एक पालिका, एक चिस्यान केन्द्र" कार्यक्रम प्रारम्भ गर्ने विषय कार्यान्वयन प्रयोजनार्थ तँहा स्थानीय तहमा चिस्यान केन्द्र निर्माणको आवश्यकता तथा सम्भाव्यताका सम्वन्धमा तपसिल अनुसारको विवरण पाँच दिन भित्र (मिति २०८२, चैत्र २१ गते भित्र) सम्बन्धित स्थानीय तहको कार्यपालिका बैठकको निर्णय सहित यस मन्त्रालयको ईमेल ठेगानमा (local.moald@gmail.com) उपलब्ध गराइदिने विषयमा सबै स्थानीय तहहरुमा आवश्यक परिपत्र गरिदिनुहुनका लागि मिति २०८२/१२/१६ को निर्णयानुसार (सचिवस्तर) अनुरोध छ।

तपसिल

स्थानीय तहको नामः

स्थानीय तह अवस्थित जिल्ला/प्रदेशः

| क्र.स. | विवरण | |
|---|---|---|
| १. | हाल स्थानीय तहमा चिस्यान केन्द्र उपलब्ध रहे/नरहेको (रहेको भएमा के-कति वटा रहेको र कस्तो अवस्थामा रहेको) | |
| २. | सम्बन्धित स्थानीय तहमा चिस्यान केन्द्र स्थापना गर्न आवश्यक हो वा होइन | |
| | चिस्यान केन्द्र स्थापना आवश्यक रहेको सन्दर्भमा | |
| ३. | स्थापना गरिने चिस्यान केन्द्रको अनुमानित क्षमता (मे.टन) | |
| ४. | चिस्यान केन्द्र निर्माणका लागि जग्गा उपलब्धता भए/नभएको र सम्भावित जग्गाको स्वामित्व/ लालपूर्जाको अवस्था (सरकारी वा नीजि) | |
| ५. | चिस्यान केन्द्र निर्माण गर्नका लागि जग्गा उपलब्ध भएमा उपलब्ध हुने क्षेत्रफल (कठ्ठा/रोपनी) | |
| ६. | चिस्यान केन्द्र निर्माण हुने स्थलमा सडक/यातायात सुविधा भए/नभएको | |
| ७. | चिस्यान केन्द्र संचालनका लागि विद्युत सेवा उपलब्ध भए/नभएको | |
| ८. | चिस्यान केन्द्र निर्माणका लागि आवश्यक अनुमानित कुल लागत रकम रू. | |
| ९. | स्थानीय तह आफैले निर्माण गर्ने सन्दर्भमा चिस्यान केन्द्र निर्माणका लागि आवश्यक कुल लागतमा स्थानीय तहबाट ५० प्रतिशत लागत साझेदारी हुने सुनिश्चतता रहे/नरहेको | |
| १०. | नीजि क्षेत्र/सहकारीबाट निर्माण/सञ्चालन हुने चिस्यान केन्द्रका हकमा नीजि क्षेत्र/सहकारीबाट ५० प्रतिशत लागत साझेदारी हुन सक्ने/नसक्ने | |
| ११. | चिस्यान केन्द्रमा भण्डार गरिने स्थानीय कृषि बाली/वस्तुहरुको विवरण तथा अनुमानित परिमाण (मे.टन) | |

श्री प्रकाशजी
परिपत्र गर्नुहोस्

..................
(डा. सुहेल के.सी.)
पशु चिकित्सक